श्री आई.टी./प्रवक्ता website मा सार्वजनिक गर्नु

**मिति २०८२।१२।२४ गते बसेको १८ औं नगरसभामा पेश भएका प्रस्ताव एवं निर्णयहरु:-**

**प्रस्तावहरु:-**

१) नगर सभा अध्यक्षज्यू मार्फत नीति तथा कार्यक्रमको समिक्षा र निर्देशनका सम्वन्धमा ।

२) योजना तथा कार्यक्रम संशोधन गर्ने सम्वन्धमा ।

३) O&M सर्भे स्वीकृत गर्ने सम्वन्धमा

४) धुनिवेशी नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधेयक-२०८२ स्वीकृत गर्ने सम्वन्धमा ।

५) विविध

(क) नगरकार्यपालिकावाट भएको निर्णयलाई अनुमोदन गर्ने र नगर कार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने सम्वन्धमा ।

(ख) लोगो निर्माण गर्न समिति गठन गर्ने सम्वन्धमा ।

**निर्णय नं.१**

आदरणीय नगर प्रमुख तथा नगरसभा अध्यक्ष श्री वालकृष्ण आचार्यज्यू मार्फत **१८** औं नगरसभामा निम्नानुसार पेश हुन आएको नीति तथा कार्यक्रमको समिक्षा र निर्देशनलाई सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**तपसिल:-**

**धुनिवेशी नगरपालिकाको आ.व २०८२/८३ को हाल सम्मको नीति, कार्यक्रमको कार्यप्रगती समिक्षा**

**नगरसभाका उपाध्यक्ष एवं नगरसभा सदस्यज्यूहरु,**

- नगरसभाका उपाध्यक्ष, लगायत नगरसभाका सबै सदस्यहरुलाई नगर सभाको १८ औं अधिवेशनमा स्वागत गर्दछु ।
- मिति २०७९ साल वैशाख ३० गते सम्पन्न भएको स्थानीय तह सदस्य पदको निर्वाचनमा विश्वासका साथ मतदानको माध्यमबाट पुनः दोस्रो कार्यकालका लागी नगर प्रमुखको हैसियतमा निर्वाचित गरी जिम्मेवारी प्रदान गर्नुहुने आदरणीय नगरवासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरुमा कृतज्ञता सहित हार्दिक आभार व्यक्त गर्दछु ।
- संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, स्वशासन, नेपाल राष्ट्रको रक्षा एवं इतिहासका सबै कालखण्डमा भएका राजनैतिक आन्दोलन एवं सार्वभौमसत्ता, स्वाधिनता, राष्ट्रिय हित र स्वाभिमान, लैङ्गिक समानता, सामाजिक न्याय, अग्रगमन, सामाजिक समावेशीकरण, सुशासन तथा सकारात्मक परिवर्तनका लागी भएको जेन-जी आन्दोलन लगायत आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तन, विकास र रुपान्तरणका लागि भएका आन्दोलन एवं क्रान्तिमा सकारात्मक योगदान पुर्‍याउनुभएका सम्पुर्ण विर पुर्खा एवं योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै बलिदानीपुर्ण संघर्ष एवं सकारात्मक परिवर्तनको महाअभियानमा संलग्न भई सहादत प्राप्त गर्नुहुने अमर सहिदहरु प्रति उच्च सम्मान व्यक्त गर्दै भावपुर्ण श्रद्धा सुमन अर्पण गर्दछु । आन्दोलनका क्रममा घाइते तथा अपाङ्गता भएका योद्धाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।
- समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय दिगो सोच एवं लक्ष्यलाई स्थानीयकरण गर्दै नेपालको संविधान, १६ औं योजना, दिगो विकासका लक्ष्यहरु, संघिय सरकार र बागमती प्रदेश सरकारको बजेट, नीति तथा कार्यक्रमहरु, निर्वाचनका वखत् जनताका विचमा प्रस्तुत गरिएको घोषणा पत्र, नगरवासी सामु व्यक्त गरिएका प्रतिवद्धता, नगरको आवश्यकता, संभावना, अवसर, चुनौति, स्रोत साधन परिचालन गर्न सक्ने क्षमता, स्रोत साधनको उपलब्धता समेतलाई आधार बनाई धुनिवेशी नगरपालिकाको नगर प्रमुख एवं स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको संयोजकको हैसियतमा आर्थिक वर्ष २०८२।८३ का लागि वार्षिक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी सर्वसम्मत रुपमा नीति, कार्यक्रम तथा बजेट १७ औं नगरसभाबाट पारित



Scanned with CamScanner

भएको व्यहोरा स्मरण गराउँदछु । बजेटको प्राथमिकता, उद्देश्य प्राप्तीका लागी हाल सम्म भए गरेका कार्य प्रगति विवरण यस सम्मानित नगरसभाको १८ औं अधिवेशनमा पेश गर्ने अनुमति चाहन्छु ।

**नगरसभाका उपाध्यक्ष एवं नगरसभा सदस्यज्यूहरु,**

१. आर्थिक विकास

१.१ कृषि

- प्रदेश कृषि विकास निर्देशनालय सँगको साझेदारीमा सामुदायीक प्राङ्गारीक मल कारखाना निर्माण गर्ने कार्य सम्झौताको चरणमा रहेको ।
- साझेदारीमा एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत सुन्तला खेती प्रवर्द्धन कार्यक्रम कृषि विकास कार्यालय धादिङ, धुनिबेशी नगरपालिका र कृषक समूह बिच त्रिपक्षिय सम्झौता भई सञ्चालन भईरहेको।
- नगरको फलफूल तथा पुष्प श्रोत केन्द्रमा एभोकाडोको बीउ राखे र सिजनल फूल तथा कागतीको बेर्ना तयार पार्ने काम भएको छ भने यो कार्यक्रम बर्ष भरी सञ्चालनमा रहने ।
- बिषादी सचेतना सम्बन्धी घुम्ती तालिम सञ्चालन तथा प्रचार प्रसार गरिएको ।
- कृषि यान्त्रीकरण कार्यक्रम अन्तर्गत नगरपालिकाको ५० प्रतिशत र कृषकको ५० प्रतिसत लागत साझेदारीमा मिनिटिलर खरिदका लागि बोलपत्रको सूचना प्रकाशन भएको।
- कृषकसँग कृषि प्राविधिक बर्षै भरी सञ्चालन गरिएको।
- बजार व्यवस्थापन प्रणाली (MMS) को लागि सरोकारवालाहरुसँग छलफल गोष्ठी र अन्य आवश्यक कार्य गर्ने गरि सूचना प्रकाशन गरिएको
- वडा नं. ९ मा कफी प्रवर्द्धन कार्यक्रम संचालन गर्न सूचना प्रकाशन तथा माग संकलन भई छनौटको चरणमा रहेको ।
- वडा नं. ५,७ र ९ मा लिची खेती प्रवर्द्धन कार्यक्रमका लागी सूचना प्रकाशन तथा माग संकलन गरि छनौटको चरणमा रहेको ।
- कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम अन्तर्गत शाखाका कर्मचारी मार्फत तोकिएको वडामा खटिई तथ्यांङ्क सङ्कलन गर्ने कार्य सम्पन्न भएको ।
- वडा नं ५ को कार्यालय अगाडी खुद्रा तरकारी बिक्री सेन्टर निर्माण गर्न टेन्डर प्रकृया अगाडी बढेको ।
- प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम अंन्तर्गत कार्यक्रम सञ्चालन गर्न प्रस्ताव आव्हानको लागि २ पटक सम्म सूचना प्रकाशन गर्दा समेत कुनै आवेदन नपरेको साथै शाखाले कार्यविधि बमोजिम आवश्यक काम सञ्चालन गर्न पहल भैरहेको ।
- व्यवसायिक मौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत लाभग्राहीसँग सम्झौता गरि कार्यक्रम सञ्चालन भईरहेको ।

१.२ पशुपंक्षी

- पशुपन्छीमा लाग्ने संक्रामक रोग विरुद्दको खोप तथा प्रभावकारिता परिक्षण कार्यक्रम अन्तर्गत ४ हजार ५ सय ९९ वटा (गाई/भैंसी) मा खोरेत विरुद्दको खोप कार्यक्रम सम्पन्न भएको।
- ८९ वटा गाई/भैंसीको रगत नमुना "**खोरेत तथा सिमाबिहिन पशु रोग अन्बेशण प्रयोगशाला**" मा पठाईएको र नमुना संकलन तथा हाल थप प्रभावकारिता परिक्षण कार्य संचालन भैरहेको।
- पशु सेवा कार्यालय, धादिङ्ग संगको समन्वयमा पि.पि.आर खोप कार्यक्रमको तयारी भैरहेको।
- निजि पशु प्राविधिकको क्षमता अभिवृद्दि तालिम अन्तर्गत २३ जना निजि पशु प्राविधिकलाई पशुपन्छी विकास शाखामा सुचिकृत गरी ३ दिने क्षमता अभिवृद्दि तालिम सम्पन्न गरिएको।
- निशुल्क पशु स्वास्थ्य शिविर (खोरेत रोग उपचार विशेष) १ पटक सञ्चालन गरियो । उक्त शिविरमा १ सय ३२ जना किसानहरु लाभान्वित भएका थिए, जसमध्ये बाखा १ सय ८६, गाई २ सय २१, भैंसी ३१ गरि जम्मा ४ सय ,३८ वटा पशुहरुको उपचार गरिएको ।
- निशुल्क पशु स्वास्थ्य शिविर (दोस्रो चरण) सञ्चालन गरियो । उक्त शिविरमा १ हजार १ सय १२ जना किसान[illegible] लाभान्वित भएका थिए, जसमध्ये ९ हजार ३ सय ५४ बाखा, ९ सय ६२ गाई, ३ सय २२ भैंसी ४ हजार ५ सय ४२ कुखुरा (पन्छी सबै), २ सय ६२ बङ्गुर , ४ कुकुर, १ बिरालो गरि जम्मा १५ हजार ४ सय ४७ वटा पशुहरुको उपचार गरिएको ।
- १ सय ९७ वटा सामुदायिक (छाडा) कुकुर बन्ध्याकरण गरिएको।
- ई बिडिङ्ग प्रक्रिया मार्फत बोलपत्र आह्वान गरि औषधी खरिदको सम्झौता गरिएको।
- ६ सय ३३ वटा गाई र ७४ वटा भैंसी गरि जम्मा ७ सय ७ वटा पशुको कृत्रिम गर्भाधान कार्य सम्पन्न गरीएको ।



CS Scanned with CamScanner

- डिस्पेन्सरी सेवा सञ्चालन अन्तर्गत २ हजार ९१ वटा गाई,२ सय ८४ वटा भैसी,९ हजार ७ सय ७७ वटा बाखा,१ हजार २ सय ८७ वटा बंगुर,१हजार ८ सय १९ वटा कुखुरा,२ वटा बिरालो,७ वटा कुकुर,३८ वटा पशुको गोबर परिक्षण र ४१ वटा बोका बन्ध्याकरण गरिएको।

**१.३ प्रधानमन्त्री रोजगार**

- १५ जनालाई वैदेशिक रोजगारीका लागि पुनःश्रम स्वीकृति दिईएको ।
- वैदेशिक रोजगार सन्तति छात्रवृत्ति कार्यक्रमका लागि छनोट भएका ७ जना विद्यार्थीलाई बैदेशिक रोजगार वोर्डको सचिवालयद्वारा संचालित पोर्टल **FEWMIS** प्रणालीमा अद्यावधिक गराई आर्थिक सहायताका लागि सहजीकरण गरिएको ।
- १ जनाको वैदेशिक रोजगारीको क्रममा मृत्यु भई नेपालमा शव झिकाईएको ।
- वैदेशिक रोजगारीको क्रममा मृत्यु भई हकवाला(परिवारका सदस्यलाई) आर्थिक सहायता उपलब्ध गराउनका लागि वैदेशिक रोजगार वोर्डको सचिवालयद्वारा संचालित पोर्टल **FEWMIS** प्रणालीमा ३ जनाको विवरण प्रविष्टि गरिएको ।
- न्यूनतम पारिश्रमिक उपलब्ध नगराएको भनी नेपाल हिमालयन पोलीप्रडक्स प्रा.लि मा कार्यरत १७ जना श्रमिकहरुले निवेदन दिएकोमा स्थलगत अनुगमन गरी प्रतिवेदन तयार पारिएको साथै न्यायिक समितिमा छलफल गराई आपसी मेलमिलापबाट उक्त समस्यालाई समाधान गरिएको ।
- नगर भित्र सञ्चालन रहेका उद्योग, व्यवसाय, होटल, रेष्टुरा, सहकारी, शैक्षिक संस्था, वित्तिय संस्था, स्वास्थ्य संस्थामा कार्यरत श्रमिकहरुको (न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, सञ्चय कोष, बिमा) विवरण संकलन गर्ने कार्य भईरहेको ।
- हाइवे स्टाफ होटल, मयलधारामा बाल श्रम शोषण भएको भनी पत्र प्राप्त भएकोले नगरपालिका, महिला बालबालिका, प्रहरी सँग समन्वय गरी स्थलगत अनुगमन साथै उद्धारका लागि पहल गरिएको ।
- प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्, हेटौडाले ६० ४० को लागत साझेदारीमा छोटो अवधिको सीपमूलक तालिम कार्यक्रमका लागि प्रस्ताव माग गरेकोमा विभिन्न ८ विषयमा प्रस्ताव पेश गरिएको ।
- पोखरा भ्याली प्राविधिक तालिम केन्द्र बाट निःशुल्क तालिम खाना बस्न सहितको तालिम सञ्चालनका लागि यस धुनिबेशी नगरपालिकामा पत्राचार भए अनुरुप तालिममा युवाहरुलाई सहभागी गराउनका लागि सहभागीहरुको विवरण संकलन गरी सम्बन्धित ठाउँमा पठाइएको
- भिलेज धुनिवेशी होमस्टे, याङ्ला डोम्बो तिम होमस्टे र दमदमे भञ्याङ रानीवन होमस्टे लाई दर्ता प्रमाणपत्र उपलब्ध गराउन न्यूनतम मापदण्ड पूरा गरे नगरेको स्थलगत निरीक्षण गरिएको
- बेरोजगार व्यक्तिको सूचीकरणका लागि सूचना आव्हान गरिएको ।

**१.४ लघु उद्यम विकास कार्यक्रम**

- वडा न १ मा बस्तु स्थितिको बारेमा वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यू संग स्थानीय माग चाहना अनुसार तालिम संचालन सम्बन्धमा छलफल गरिएको ।
- वडा नं. ४ जिम्वल गाउँमा १४ जना सुनौलो लघु उद्यमी र वडा न ७ मा १४ जना उद्यमीहरुको आवश्यकता पहिचान गरि एड्भान्स फेसन डिजाइनर सम्वन्धित सिलाईकटाइ तालिम सम्बन्धमा समूहगत छलफल गरिएको ।
- लघु उद्यमीहरुलाई समुह तथा व्यक्तिगत रुपमा दर्ता गर्नको लागि सहजीकरण तथा छलफल गरिएको ।
- उद्यम विकास कार्यक्रम मेड मोडेल अनुसारका सम्पूर्ण चरणबद्ध ढंगबाट कार्यक्रम संचालन गर्ने वडा नं. २,५ छनौट गरिएको ।
- वडा न. ५ मा सहभागितामुलक ग्रामिण लेखाजोखा (PRA) कार्यक्रम सम्पन्न गरि सम्भाव्य उद्यमी फारम भरिएको ।

**१.५ सहकारी**

- सहकारी संस्थाहरुको विनियम संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गरिएको
- गुनासा तथा उजुरीको सुनुवाई गरी समस्या समाधानको पहल गर्ने गरिएको ।
- यस नगरपालिका भित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुको बार्षिक समिक्षा कार्यक्रम भएको
- सहकारी संस्थाहरुको लेखापरीक्षण प्रतिवेदन, नियमित आर्थिक विवरण उपर सल्लाह सुझाव दिने कार्य भएको ।
- तालिम तथा सहकारी सम्वन्धी अन्य सचेतनामूलक कार्यक्रममा सहभागी हुने, साथै त्यस्ता कार्यक्रम संचालनका विषयमा संस्थाहरुलाइ परामर्श दिने कार्यहरु भएको ।
- सहकारी संस्थाहरुका लागि नियमक निकायको उपस्थिति रहेको महसुस गराउने प्रयास गरिएको ।
- १८ वटा सहकारी संस्थाहरुको साधारणसभा भएको । २ वटा सहकारी संस्थामा विधिसम्मत साधारणसभा तथा आवधिक निर्वाचनमा सहजिकरण गर्ने कार्य भएको ।
- सम्पत्ती शुद्धिकरण विभागबाट नियमित भइरहने सोधनीको जवाफ पठाउने कार्यको लागि सहकारी संस्थाहरुमा कार्यान्वयन अधिकारी तोकीएको ।



Scanned with CamScanner

- नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत् राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने परिकल्पना गरेको सन्दर्भमा सहकारी संस्थाहरुलाई पारदर्शिता, उत्तरदायित्व तथा सुशासनका आधारमा मार्यादित र अनुशासित रूपमा संचालन गरी समुन्नत समाज निर्माण गर्न अभिप्रेरित गर्ने उद्देश्यका साथ "उद्यमशिलता र पारदर्शीता सहकारीको प्राथमिकता" भन्ने मूल नाराका साथ मिति २०८२ चैत् २० गतेका दिन सहकारी दिवस भव्य रुपमा मनाइएको।

नगरसभाका उपाध्यक्ष एवं नगरसभा सदस्यज्यूहरु,

२. सामाजिक विकास

२.१ शिक्षा युवा तथा खेलकुद

- सामुदायिक विद्यालयमा IEMIS सम्बन्धी काम गर्ने शिक्षक तथा कर्मचारीहरूको लागि १ दिने IEMIS व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम संचालन गरिएको।
- शिक्षक तथा कर्मचारीहरूको मासिक रुपमा तलब निकासा गरिनुका साथै फागुन महिना सम्मको तलब, भत्ता निकासा भैसकेको।
- धुनिवेशी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आ.व. २०८१/०८२ को वार्षिक प्रगति समीक्षा तथा आ.व. २०८२/०८३ को कार्यक्रम कार्यान्वयन सम्बन्धी विद्यालयका प्रधानाध्याकज्यूहरुको लागि १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।
- विद्यालय र शिक्षा शाखाले मासिक रुपमा सम्पन्न गरेका कार्यक्रमको प्रगति समिक्षा गर्न तथा आगामी दिनमा गर्नुपर्ने कार्यक्रमको जानकारी आदान प्रदान गर्नको लागि मासिक रुपमा प्रधानाध्यापकहरुको बैठक बस्ने गरिएको ।
- आधारभूत तह कक्षा १-३ सञ्चालित विद्यालयहरूको लागि पाठ्यक्रम विकास केन्द्रबाट विकास भएका भाषा तथा गणित विषयका स्वाध्ययन सामग्री प्रति कक्षा १ सेटको दरले छपाइ गरी विद्यालयहरूमा वितरण गरिएको ।
- नगरपालिका अन्तरगतका ३४ वटा सामुदायिक विद्यालयमा कार्यरत २ सय ११ जना करार शिक्षक तथा कर्मचारीहरुको सम्पति विवरण व्यवस्थापन गरिएको।
- धुनिवेशी नगरपालिकाको स्थानीय पाठ्यक्रम (हाम्रो धुनिवेशी) सन्दर्भ सामग्री निर्माण तथा प्रकाशन गरी नगरपालिका भित्रका ३७ वटा सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अध्ययन अध्यापनको लागि सहजीकरण गरिएको ।
- आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (९-१२) संचालन भएका १७ वटा सामुदायिक विद्यालयहरुमा स्यानिटरी प्याड वितरण गरिएको ।
- नगरपालिका अन्तरगतका सबै सामुदायिक विद्यालयहरुको आ.व.२०८१/०८२ को आर्थिक लेखा परीक्षण सम्पन्न गर्नको लागि लेखा परीक्षकहरूको छनोट गरी लेखा परीक्षण कार्य सञ्चालन भइरहेको ।
- शिक्षा तालिम केन्द्र, धुलिखेलको आयोजनामा नगरपालिका अन्तरगतका माध्यमिक तहका ११ जना शिक्षकहरुलाई विद्यार्थीहरुको वृत्ति मार्ग निर्देशन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको ।
- माध्यमिक तहमा अध्येयनरत विद्यार्थीहरूको वृत्ति मार्ग निर्देशन कार्यक्रम सञ्चालनको लागि सरोकारवालाहरूसँग नगरपालिकास्तरीय अभिमुखीकरण सञ्चालन भईसकेको र विद्यालय तहमा सञ्चालन गर्नको लागि आवश्यक सामग्रीको व्यवस्थापन गरिएको ।
- कालिका आवि कोलाचौर, महेन्द्रोदय मावि मैदान, खैरेनी आवि दिवालीभञ्ज्याङ र डिल्ली सावित्री मावि, ल्याख्यालुङफेदीमा (सुत्केरी) सट्टा शिक्षक व्यवस्थापन गरिएको
- थुङ्गी आधारभूत विद्यालयमा नगर अनुदान दरबन्दीमा बालविकास सहजकर्ताको व्यवस्थापन गरिएको
- जनशक्ति आधारभूत विद्यालय, च्यानडाँडामा विद्यालय सहयोगी कर्मचारीको व्यवस्थापन गरिएको
- गुरुदुम आवि गुरुदुम, महादेवस्थान मावि कुमाइखोला, ज्वालामुखी आवि ठाँटीचौर र खैरेनी आवि दिवाली भञ्याङमा कार्यरत १/१ जना शिक्षकहरूको पारस्परिक काज सरुवा गरिएको।
- महेन्द्रोदय मावि मैदान, महादेवस्थान मावि कुमाइखोला, जीवनपुर कुलचन्द्र आवि जीवनपुर र मच्छिन्द्र मावि खानीखोलामा विभिन्न तह तथा विषयका ६ जना शिक्षक करारमा नियुक्ति गर्ने कार्य सम्पन्न गरिएको।
- सेतीदेवी आवि, काफलचौर, चण्डीदेवी आवि, दोभान र महाकाली किसान मावि, बरावोटमा रिक्त प्रावि तहको दरबन्दीमा सरुवा प्रक्रियाबाट स्थायी शिक्षक व्यवस्थापन गरिएको ।
- आवश्यकताको आधारमा नगर शिक्षा समितिको बैठक संचालन गरिएको ।
- धुनिवेशी नगरपालिकाको शिक्षा क्षेत्रमा आ.व. २०८१/०८२ भए/गरेका क्रियाकलाप तथा शैक्षिक विवरण सहितको वार्षिक शैक्षिक बुलेटिन प्रकाशन गरी वितरण गरिएको।
- समय समयमा विद्यालयहरुमा अनुगमन तथा निरीक्षण गरिएको ।



Scanned with CamScanner

- नगरपालिका स्तरबाट शैक्षिक सत्र २०८२ को कक्षा ४ देखि कक्षा १२ सम्मको प्रथम त्रैमासिक, अर्ध वार्षिक र वार्षिक परीक्षा सञ्चालन गरी सम्पन्न गरिनुका साथै आधारभूत तह ( कक्षा ८ ) उत्तीर्ण परीक्षाको उत्तरपुस्तिका पालिकास्तरमा परीक्षण गरी अन्तिम नतिजा प्रकाशन गर्ने तयारी गरिएको ।
- विद्यालय, शिक्षक, विद्यार्थी र खेलाडीहरुलाई पुरस्कृत तथा सम्मान गर्नको लागि आवश्यक विवरण तयार गरिएको ।
- नगरपालिकास्तरीय १५ औं राष्ट्रपति रनिङशील्ड प्रतियोगिता सञ्चालन गरी (२०८२ माघ २१,२२ र २३) सम्पन्न गरिएको ।
- विद्यालयम शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तरगत विज्ञान प्रयोगशाला व्यवस्थापनका लागि एउटा विद्यालय छनोट गरी कार्यक्रम संचालन भैरहेको।
- १०८ जना स्थायी शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रमाणित गरी शिक्षा विकास तथा समन्वय इकाइमा पेस गरिएको।
- स्थायी शिक्षकहरूको विदा प्रमाणित गरी विद्यालय शिक्षक किताबखाना पठाइएको
- नयाँ शैक्षिक सत्र २०८३ मा सञ्चालन गरिने शैक्षिक गतिविधि सहितको शैक्षिक क्यालेण्डर निर्माण भई छपाइको प्रक्रियामा रहेको ।
- विद्यालयमा भौतिक पूर्वाधार निर्माणको लागि विद्यालयहरूबाट प्राप्त माग पत्रहरूको रुजु गरी आवश्यक विद्यालय तथा कार्यक्रम छनोटको विवरण तयार गरिएको ।
- शैक्षिक सत्र २०८३ को लागि संस्थागत विद्यालय छात्रवृत्ति वितरणका लागि आवेदन माग गरी विवरण तयार गरिएको।
- दिवा खाजा र नगर अनुदान अन्तरगतको पहिलो किस्ता वापतको रकम विद्यालयमा निकासा भइसकेको तथा शैक्षिक सत्र २०८३ को लागि आवश्यक पाठ्यपुस्तक, गैर आवासीय छात्रवृत्ति, विपन्न लक्षित छात्रवृत्ति र दिवा खाजाको दोस्रो चरणको रकम भुक्तानीको लागि विवरण तयार भई निकासाको तयारीमा रहेको ।
- हाल सम्म संघीय ससर्त अनुदान अन्तरगत ६४.२८ प्रतिशत, प्रदेश अनुदान अन्तरगत ६९.२३ प्रतिशत र स्थानीय तहको ३५.२९ प्रतिशत वित्तीय प्रगति भएको छ ।
- सबै तहको समग्र प्रगति : ५६.९३ प्रतिशत रहेको छ ।

## २.२ स्वास्थ्य

- १३ हजार २ सय ४६ जना नयाँ सेवाग्राहीहरुले स्वास्थ्य संस्थाहरुबाट बहिरंग सेवा अन्तर्गत उपचारात्मक, औषधि तथा परामर्श सेवा प्राप्त गरेका छन् जस मध्ये ३ हजार ७ सय ६३ जना जेष्ठ नागरिक रहेका छन् ।
- यस नगर भित्र रहेका नौविसे, जीवनपुर र छत्रेदेउराली स्वास्थ्य चौकीहरुमा सञ्चालित प्रयोगशालावाट ९ सय ४१ जनालाई निःशुल्क र १ हजार ९ सय २० जनालाई सःशूल्क गरी जम्मा २ हजार ८ सय ६१ जनालाई प्रयोगशाला सेवा प्रदान गरिएको छ र प्रयोगशाला सेवा वापत रु २ लाख ९३ हजार ६ सय रुपैयाँ राजस्व जम्मा भएको ।
- तीन वटा स्वास्थ्य चौकीहरुबाट ७ सय ९९ जनालाई विहानी ल्याब सेवा प्रदान गरिएको
- नगरभित्र सञ्चालित गाँउघर क्लिनिकवाट १ हजार ८ सय ४७ जनालाई सेवा प्रदान भएको
- यस नगर भित्रका २८ जना महिला सामुदायिक स्वास्थ्य स्वंयम् सेविकाहरुले २ सय २४ पटक स्वास्थ्य आमा समुहको बैठक वसालेका छन् भने ८ हजार ८ सय २३ जनालाई परामर्श सेवा प्रदान गरिएको।
- आमा सुरक्षा कार्यक्रम अन्तर्गत १ सय ८७ जना गर्भवती महिलाहरुले कम्तीमा एक पटक गर्भवती जाँच गराएका र १ सय ३८ जना गर्भवती महिलाहरुले प्रोटोकल अनुसार ४ पटक र ९३ जनाले ८ पटक गर्भ जाँच सेवा प्राप्त गरेका छन् भने ५४ जनाले ३ वटा बर्थिङ सेन्टरहरुबाट सुरक्षित प्रसुति सेवा प्राप्त गरेका।
- तीन वटा स्वास्थ्य चौकीमा रहेका बर्थिङ सेन्टरहरुमा ५४ जना संस्थागत सुत्केरी भएका महिलाहरुलाई भित्री कपडा, स्यानिटरी प्याड र वर्थिङ सेन्टरमा बसुन्जेल जाउलोको व्यवस्था गरिएको ।
- १ सय ४० जना गर्भवती महिलाहरुलाई १ सय ८० स्ट्रिप आइरन चक्की र क्याल्सियम चक्की वितरण गरिएको ।
- ६४ जना सुत्केरी महिलाहरुले भिटामिन ए पाएका छन् भने ६४ जना सुत्केरी महिलाहरुले ४५ स्ट्रिप आइरन चक्की पाएका ।
- उत्तर प्रसुति घरभेट कार्यक्रम अन्तर्गत १ सय ५१ जना सुत्केरी महिलाहरुलाई प्रोटोकल अनुसार ४ पटक सुत्केरी जाँच सेवा प्रदान गरिएको ।
- सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत ६५ जना महिलाहरुलाई सुरक्षित गर्भपतन सेवा प्रदान गरिएको ।


Scanned with CamScanner

- हाल सम्म २ सय ३९ जना नयाँ सेवाग्राहीहरु परिवार नियोजन सेवामा आवद्ध भएका छन् भने १ हजार ७ सय ८२ जनाले निरन्तर लामो तथा छोटो अवधीको परिवार नियोजनका साधनहरु प्रयोग गरिरहेका छन्
- तीन वटा स्वास्थ्य चौकीहरु र वडा नं. ९ को कानाकोटमा रहेको आधारभुत स्वास्थ्य केन्द्रबाट मासिक रुपमा ग्रामिण अल्ट्रासाउण्ड सेवा प्रदान भइरहेको छ, जसमा २ सय ५७ जना नयाँ र २ सय ४२ जना पुनः सेवा प्राप्त गर्ने गर्भवती महिलाहरु रहेका छन् ।
- खोप सेवा अन्तर्गत २ बर्ष मुनिका २ सय ३५ जना बालबालिकाहरुले राष्ट्रिय खोप तालिका अनुसार १३ थरीका एन्टिजेन खोप प्राप्त गरेका ।
- यस नगर भित्रका २ बर्ष मुनिका १ सय ८० जना नयाँ बालबालिकाहरु बृद्धि अनुगमन कार्यक्रममा आवद्ध भएका छन् साथै १ सय ४३ जना २३ महिना पुरा गरेका बालबालिकाहरुको १ हजार ८ सय २४ पटक बृद्धि अनुगमन भएको ।
- कार्तिक महिनामा राष्ट्रिय भिटामिन ए कार्यक्रम सञ्चालन गरियो जसमा १ हजार ९ सय १४ जना ६ देखि ५९ महिनासम्मका बालबालिकाहरुले भिटामिन ए पाएका छन् भने १ हजार ७ सय ६५ जना १२ देखि ५९ महिनासम्मका बालबालिकाहरुले जुकाको औषधि पाएका ।
- मंसिर महिनामा सञ्चालन गरिएको विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत विद्यालयका ४ हजार ८ सय ५९ विद्यार्थीहरुलाई जुकाको औषधी वितरण गरिएको छ भने १ हजार ४ सय ०७ जना किशोरीहरुले १३ हप्तासम्म आइरन फोलिक एसिड पाएका ।
- विभिन्न विद्यालयहरुमा ९ पटक र समुदायमा ३१ पटक स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको ।
- कडा रोग लागेका ३५ जना विपन्न नागरिकहरु (मुटु रोग १० जना, मृगौला ६, क्यान्सर १६ जना, स्पाइनल ईन्जुरी ४ जना, ) तथा अन्य रोग लागेका ३ जना विपन्न नागरिकहरुलाई आर्थिक राहायता प्रदान गरिएको ।
- औषधी उपचार खर्च बापत पौष मसान्तसम्म ८७ जना (क्यान्सर, मृगौला प्रत्यारोपण, डायलाइसिस तथा स्पाइनल इन्जुरी भइ पक्षघात भएका) विरामीहरुलाई प्रति महिना रु पाँच हजारका दरले औषधि खर्च गरिएको।
- नौविसे स्वास्थ्य चौकीमा मेडिकल अफिसर व्यवस्थापन गरी चिकित्सकीय सेवा प्रदान भईरहेको, ।
- नौबिसे स्वास्थ्य चौकीबाट हप्ताको एक पटक सञ्चालित विशेषज्ञ चिकित्सकिय सेवा अन्तर्गत ४ सय ३५ जना नागरिकहरुले विशेषज्ञ चिकित्सकिय सेवा प्राप्त गरेका ।
- जेष्ठ नागरिक तथा फरक क्षमता भएका नागरिकहरुको लागि घर दैलो स्वास्थ्य परिक्षण कार्यक्रम अन्तर्गत यस नगर भित्रका ३ सय ४४ जना नयाँ र पुनः भेट २ हजार १ सय ३१ जना जेष्ठ नागरिक तथा ९ जना नयाँ र ४४ जना पुनः भेट अपाङ्गता भएका नागरिकहरुलाई स्वास्थ्यकर्मीहरु घरदैलोमा नै गई स्वास्थ्य परिक्षण तथा परामर्श सेवा प्रदान गरिएको ।
- नगरपालिकाको स्वमित्वमा रहेका ४ वटा एम्बुलेन्सहरुले (नौविसे स्वास्थ्य चौकी ,जिवनपुर स्वास्थ्य चौकी र छत्रेदेउराली स्वास्थ्य चौकीमा रहि १ हजार ३ सय ४० जना सेवाग्राही नागरिकहरुलाई एम्बुलेन्स सेवा उपलब्ध भएको छ र राजस्व वापत रु ३ लाख ५२ हजार जम्मा भएको ।
- नौविसे स्वास्थ्य चौकीमा सञ्चालनमा रहेको CR-X-Ray सेवा बाट हालसम्म ८सय ७ जनालाई एक्स-रे सेवा प्रदान भएको छ जसमा १ सय १४ जना निःशुल्क र ६ सय ९३ जनाले सःशूल्क एक्स-रे सेवा प्राप्त गरेका छन्, जस अनुसार राजस्व जम्मा रु, १ लाख ७१ हजार ९ सय संकलन भएको ।
- धुनिवेशी नगरपालिका अन्तर्गत वडा नं. १ चिलाउनेगाउँ, वडा नं.२ थांपागाउँ र वडा नं. ७ मजुवामा शहरी स्वास्थ्य केन्द्रहरुको स्थापना भइ स्वास्थ्य सेवा प्रदान भइरहेको छ जसबाट हालसम्म ४ सय ११ जना नयाँ र ९ सय २० जना पुराना सेवाग्राहीहरुले सेवा प्राप्त गरेका छन् ।
- नागरिक आरोग्य सेवा केन्द्रबाट १ हजार ३ सय १० जनालाई आयूविद स्वास्थ्य सेवा प्रदान भएको छ भने तीन वटा स्वास्थ्य चौकीहरुबाट ६ सय ८ जना सेवाग्राहीहरुलाई घुम्ती आर्युविद स्वास्थ्य सेवा प्रदान गरिएको ।
- शहरी आँखा उपचार केन्द्र बाट ९ सय १४ जनालाई आँखा उपचार सेवा प्रादान गरिएको छ र राजस्व वापत रु २ लाख ७६ हजार ९ सय ९४ जम्मा भएको छ ।
- संघिय सरकार र प्रदेश सरकारसंग समन्वय गरी स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धी गर्न सघन रुपमा तालिम प्रदान गर्ने कार्य भईरहेको ।
- स्तनपान दिवस तथा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस कार्यक्रम सञ्चालन गरी सुसम्पन्न गरिएको ।



Scanned with CamScanner

- गत आ.वमा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम, क्षयरोग कार्यक्रम, कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न गरियो ।

## २.३ महिला बालबालिका तथा जेष्ठ नागरिक

- ४५ महिला र ५७ पुरुष गरी जम्मा १०२ जनालाई जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको ।
- अपाङ्गता समन्वय समितिको ६ वटा बैठक बसी क वर्गको १,ख वर्गको ७,ग वर्गको २ र घ वर्गको २ गरी जम्मा ११ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरिएको ।
- अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानमा वडा स्तरिय सचेतनामुलक अभिमुखिकरण तथा अन्तक्रिया कार्यक्रम रयालि गरि सम्पन्न गरिएको।
- दैनिक सेवा प्रवाहमा महिला जनप्रतिनिधि र महिला कर्मचारीको भूमिका विषयक अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको।
- वडा न. ५ मा नमुना उद्यमशील महिला समुहले बजेट माग गरे अनुसार ढाका बुनाई एडभान्स तालिमको लागि रु.दुई लाख स्वीकृत भएको छ, सो रकम मागमा आधारित कार्यक्रमबाट खर्च हुने गरि कार्यक्रम सम्पन्न भएपछि भुक्तानिको क्रममा रहेको
- अन्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा धुनिबेशी नगरपालिका र अपाङ्गता भएका व्यक्तिहरुको संस्था समन्वयमा नगरस्तरिय सचेतनामुलक कार्यक्रम सम्पन्न भएको ।
- वृद्धवृद्धा विश्राम स्थल सेवा सञ्चालन तथा व्यवस्थापन कार्यक्रम सञ्चालनको लागि मानव सेवा आश्रम बिच द्विपक्षिय सम्झौता भई कार्यन्वयनको चरणमा रहेको।
- सुरक्षित आवास घर सेवा (सेफहाउस) सञ्चालन तथा व्वस्थापनको लागि सुचना प्रकाशन भई प्रस्तावको मुल्याङ्कन भई माईती घर ज्येष्ठ नागरिक स्याहार तथा संरक्षण केन्द्र छनौट भएको ।
- ज्येष्ठ नागरिक तथा अपाङ्गता स्मार्ट कार्डको लागि आवश्यक सामग्री सहित कलर प्रिन्टर तथा ल्यापटप खरिदको प्रक्रिया अघि बढेको छ।
- सी.बि.आर कार्यक्रमको समिति निर्माण भई सार्वजनिक सूचना प्रकाशन भएको र २ वटा प्रस्ताव परेको संस्था छनौट तथा सम्झौता गर्ने क्रममा रहेको ।

## २.४ सामाजिक सुरक्षा

- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यक्रम अन्तर्गत विभागको एम.आइ.एस प्रणालीमा ९ वटै वडाको लाभग्राहीहरुको नाम, बैक खाता नं. लगायतका व्यक्तिगत विवरण अनुसार सिस्टममा अपडेट गरि बैक खातामा सिधै रकम जम्मा हुने गरि विधुतिय भुक्तानी प्रणाली EFT मार्फत आ.व ०८२।०८३ को प्रथम त्रैमासिकमा कुल लाभग्राही ३ हजार ७ सय ७० जनालाई ३ करोड ८२ लाख २८ हजार २ सय १९ रुपैया निकासा गरि वितरण गरिएको छ।
- दोस्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता कुल लाभग्राही ३ हजार ७ सय ७६ जनालाई रु ३ करोड ८१ लाख ८३ हजार ३ सय ७६ रुपैया निकासा गरि वितरण गरिएको छ।
- लाभग्राहीहरुको विवरण नगरपालिकाको वेभसाईट मार्फत सार्वजनिक गरिएको छ।

## २.५ पञ्जिकरण

- यस नगरपालिकाका भित्रका ९ वटै वडामा अनलाईन मार्फत व्यक्तिगत घटना दर्तामा जन्म दर्ता अन्तर्गत महिला २ सय ७, पुरुष १ सय ८६ गरी कुल जम्मा ३ सय ९३, मृत्यु दर्ता अन्तर्गत महिला संख्या ९४, पुरुष संख्या ९६ गरी जम्मा कुल संख्या १ सय ९०, विवाह दर्ता अन्तर्गत १ सय ७६ जोडी संख्या, बसाईसराई आएको दर्ता संख्या ७ र गएको दर्ता संख्या २७ छ भने सम्बन्ध विच्छेद संख्या ३१ गरि जम्मा कुल व्यक्तिगत घटना दर्ता संख्या ८ सय २४ रहेको छ ।

## २.६ सुरक्षित आप्रवासन सामी परियोजना

- १४ जनालाई मनोपरामर्श सेवा प्रदान गरिएको,४ जना मनोपरामर्श सेवा फलोअप गरिरहेका ।
- माहादेवस्थान मा.वि र डिल्ली सावित्री मा.वि मा मनोपरामर्श कार्यक्रम सम्पन्न गरिएको ।
- निलकण्ठेश्वर वित्तीय साक्षरता तथा मनोपरामर्श समूह खानीखोलाका २८ जनालाई १४ सेसन र मिलिजुली वित्तीय साक्षरता तथा मनोपरामर्श समूह आपचौरका २९ जनालाई १३ सेसन वित्तीय साक्षरता ताथ मनोपरामर्श सेवा प्रदान गरिएको ।
- दशरचन्द्र मा.वि को २७,डिल्ली सावित्री मा.वि को ४५,महाङ्कालेश्वरी मा.वि को ५२,जीवनपुर कुलचन्द्र आ.वि. को ३१ र त्रिकुटेश्वरी मा.वि को ४१ गरी जम्मा १ सय ९६ जना विद्यार्थीहरुलाई ९० मिनेटको वित्तिय साक्षरता कक्षा संचालन गरिएको ।
- २ सय २ जना लाई ७ वटा गहन अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।
- रिटर्नी स्वयम सेवक द्वारा १ हजार २९ जनालाई सूचना प्रदान गरिएको ।



CS Scanned with CamScanner

नगरसभाका उपाध्यक्ष एवं नगरसभा सदस्यज्यूहरु,

## ३. भौतिक पूर्वाधार विकास

### ३.१ योजना

- हाल सम्ममा वडास्तरिय, नगरस्तरिय र काठमाण्डौ महानगरपालिकाको अनुदान रकम बाट भुक्तानी हुने गरी कार्यान्वयन गरिने जम्मा २ सय ५८ योजनाहरु मध्ये १ सय ५७ वटा योजना सम्झौता भएको र त्यस मध्ये ६२ वटा योजना सम्झौता भई फरफारक भएको, १०१ वटा योजना सम्झौता हुन बाँकी रहेको ।
- २ सय ५८ वटा योजनाहरु मध्ये रु. १ लाख सम्मका १९ वटा, रु. १ लाख भन्दा माथि ५ लाख सम्मका १ सय ६६ वटा र रु. ५ लाख भन्दा माथि १० लाख सम्मका ६३ वटा योजनाहरु रहेका छन्।

३.२ योजनाको कामलाई प्रभावकारी, पारदर्शी, मितव्ययी, गुणस्तरीय र दिगो बनाउन अनुगमन तथा मूल्याङ्कन कार्यलाई निरन्तरता दिईएको छ ।

### ३.३ पूर्वाधार

- ७ हजार ८ सय ५१ मीटर नयाँ सडक निर्माण भएको
- ६ हजार ५८ मीटर सडक मर्मत सुधार भएको
- ८ हजार ८ सय २३ मीटर सडक ग्राभेल भएको
- १ हजार ५७ रनिङ मीटर पक्की नाली निर्माण भएको
- ८ हजार ६ सय २८ रनिङ मीटर कच्ची नाली निर्माण भएको
- १ हजार ५ सय २० मीटर सडक ढलान भएको
- ७ सय ८० मीटर सडक पिच भएको ।
- २ सय १५ मी ग्याविन वाल निर्माण भएको ।
- ९ सय ३५ मीटर मेसिनरी वाल निर्माण भएको ।
- ९७.२५ मीटर ह्युम पाइप कल्भर्ट निर्माण।
- १ हजार २ सय ५० मीटर गोरेटो बाटो मर्मत सुधार गरिएको
- ९७ मीटर सिंचाई कुलो निर्माण भएको ।
- १ वटा चौतारा निर्माण भएको ।
- १३ वटा सामूदायिक भवन/ट्रस निर्माण भएको ।
- १३ वटा मन्दिर निर्माण भएको ।
- १ वटा मरणघाट तथा चिहान निर्माण भएको ।
- २ वटा गुम्वा निर्माण भएको ।
- १० लाख भन्दा बढी रकम विनियोजन भएका योजनाहरुको इ-विडिङ प्रक्रिया मार्फत खरिद कार्य गरिएको । हाल सम्म ३१ वटा निर्माण कार्य गर्ने ठेक्का वोलपत्र मार्फत प्रकाशित भई २५ वटा योजनाहरु सम्झौता भई कार्यान्वयनमा रहेको, ६ वटा सम्झौताको प्रकृयामा रहेको ।

### ३.४ खानेपानी

- मगरगाँउ खानेपानी योजना अन्तर्गत ४० हजार लिटर क्षमताको आर सी सी ट्याङ्की,२ वटा मुहान ईन्टेक,१४ घर धुरीमा मिटर धारा जडान सम्पन्न भएको ।
- चिलाउनेगाँउ खानेपानी योजना अन्तर्गत ४२ घर धुरीलाई मिटर धारा पक्की धारा निर्माण सम्पन्न गरिएको।
- गुर्दुम थली खानेपानी योजना अन्तर्गत ६० वटा पक्की धारा,७५ हजार क्षमताको आर सी सी ट्याङ्क,१ वटा मुहान ईन्टेक निर्माण गरिएको।
- विभिन्न साइजको पानी तान्ने पम्प ६ वटा खरिद तथा फिटिङ्ग सम्पन्न गरिएको।
- विभिन्न खानेपानी योजना र विपद परि क्षती भएका करिव २० कि.मी पाइप जडान तथा मर्मत गरिएको ।
- ६ वटा ईन्टेक निर्माण सम्पन्न गरिएको।
- १० हजार लिटर क्षमता बराबरको हिल ट्याङ्क खरिद गरि जडान गरिएको ।

### ३.५ नापी

- नगरपालिकामा भएको निवेदन अनुसार ५३ वटा जग्गा नापजाँच गरिएको ।
- जिल्ला अदालतको पत्र वमोजिम ३ वटा फिल्ड रोहोवरमा खटिएको ।
- भू-उपयोग परिषद्को बैठक २ पटक बसी १४ वटा जग्गा वर्गिकरणको निर्णय गरी प्रदेश पठाईएको ।



Scanned with CamScanner

- घरबाटो सिफारिसका लागि ३२ वटा फिल्ड निरिक्षण, ४ वटा आधारभूत स्वास्थ्य केन्द्र नापजाच गरिएको ।
- सरकारी तथा सार्वजनिक जग्गा ४ वटा र व्यक्तीगत ४ वटा गरी ८ वटा जग्गाको डिजिटल सर्भे गरिएको ।
- जग्गा वर्गिकरण सम्वन्धी प्रतिवेदनमा छुट भएका २१ वटा निवेदन सच्याई मालपोत कार्यालय पठाएको ।
- भूमि आयोग सम्वन्धी कार्य भईरहेको ।
- वडा नं. ५ मा बस्ती विकास कार्यक्रमका लागी २ पटक आम भेला तथा सर्भे सम्पन्न गरी डि.पी.आरको तयारी भईरहेको।

नगरसभाका उपाध्यक्ष एवं नगरसभा सदस्यज्यूहरु,

### ४. वन वातावरण तथा विपद् व्यवस्थापन

#### ४.१ वातावरण तथा फोहोर मैला व्यवस्थापन

- धुनिवेशी नगर क्षेत्रलाई स्वच्छ, सफा र सुन्दर नगर बनाउन आ.व. ०८१/०८२ देखि शिरिषा एण्ड सुजा कन्स्ट्रक्सन प्रा.लि.सँग ठेक्का सम्झौता भई फोहोरमैला व्यवस्थापन हुँदै आएको ।

#### ४.२ विपद् व्यवस्थापन

- २०८२ सालमा अबिरल वर्षातको कारणले विपद सम्बन्धी २४ वटा र २ वटा आगलागीका निवेदन प्राप्त भई कार्यान्वयनको चरणमा रहेको ।

#### ४.३ दमकल

- अकस्मात परि आउने आगलागीका घटनाहरु नियन्त्रण गर्न २४ सै घण्टा सुतर्क अवस्थामा रहेको नगरपालिकाको दमकल प्रयोग गरी जम्मा ११ वटा आगलागीको घटना नियन्त्रणमा लिईएको।

#### ४.४ उद्योग

- एक वटा सिमेन्ट उद्योग, ३ वटा ग्यास उद्योग, २ वटा औषधी उद्योग, १ वटा वाईन उद्योग, ११ वटा ईट्टा उद्योग, २२ वटा बैंक तथा वित्तिय संस्था र २ हजार ४ सय वटा स्थानिय व्यवसाय पसल संचालनमा रहेका छन् । यसका अलवा उपभोक्ता समिति, घ वर्गको निर्माण व्यवसायहरु दर्ता भई सन्चालनमा रहेका छन ।

नगरसभाका उपाध्यक्ष एवं नगरसभा सदस्यज्यूहरु,

### ५. सुशासन तथा संस्थागत विकास

#### ५.१ प्रशासन/ जिन्सी

- नगरपालिकाको स्विकृत संगठनात्मक संरचना एंवम् दरवन्दी तेरिज अनुसार कायम भएको कर्मचारी संख्या ७१ रहेकोमा नगरकार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी -२४ जना, स्वास्थ्य चौकीहरुमा कार्यरत स्थांयी कर्मचारी संख्या-१६ जना, वडा कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारी संख्या-१८ गरी दरवन्दी संरचना अनुसार स्थायी कर्मचारी संख्या-५८ जना छन् ।
- नगरकार्यपालिकाको कार्यालयमा करार सेवामा कार्यरत कर्मचारी संख्या-२७, परियोजना तर्फ करार सेवामा कार्यरत कर्मचारी-१५, स्वास्थ्य सेवा तर्फ करार सेवामा कार्यरत कर्मचारी-४०, एक विद्यालय एक नर्स कार्यक्रम तर्फ करार सेवामा कार्यरत विद्यालय नर्स संख्या-३ र वडा कार्यालय तर्फ करार सेवामा कार्यरत कर्मचारी संख्या-१६ गरी जम्मा करार सेवामा कार्यरत कर्मचारी संख्या-१०१ जना गरी नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत (स्थायी र करार) कर्मचारी संख्या-१५९ जना रहेको छ ।
- जनप्रतिनिधि-४९ जना, कर्मचारी-१२७ जना र शिक्षक-२११ जना गरी जम्मा ३८७ जनाको आ.व.२०८१।०८२को सम्पत्ति विवरण संकलन गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय बागमती प्रदेशमा बुझाइएको छ।
- चालू आ.व.को फाल्गुण मसान्त सम्म ऐन- २८ नियमावली ७ निर्देशिका ५ कार्यविधि ८० नीति १ मापदण्ड २ रणनीति १ दिग्दर्शन १ र प्रतिकार्य योजना १ गरी जम्मा-१२६ वटा निर्माण गरिएको छ।
- स्थायी सेवा वा पदमा कार्यरत ५६ जना कर्मचारीहरुले आ.व.२०८१।०८२ का लागि भरी पेश गरेको कार्य सम्पादन मूल्याङ्कन फारमहरुमध्ये ३२ जना कर्मचारीहरुको नगरपालिकाबाट १६ कर्मचारीहरुको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, हेटौडाबाट र ८ जना कर्मचारीहरुको जिल्ला समन्वय समितिको कार्यालय, धादिङबाट कार्यसम्पादन मूल्याङ्कन गर्ने गराउने कार्य सम्पन्न गरिएको छ।
- आ.व. २०८२।०८३ को लागि नगरसभाबाट स्वीकृत भएको नीति, कार्यक्रम र बजेट समावेश भएको एकीकृत योजना पुस्तिकालाई सम्पादन र छपाई गर्ने काम सम्पन्न गरीएको र आर्थिक ऐन-२०८२, विनियोजन ऐन-२०८२ स्थानीय राजपत्रमा प्रकाशन भएको छ ।



CS Scanned with CamScanner

- कर्मचारी व्यवस्थापनः- कानुन अनुसार नियुक्ति, बढुवा, पदस्थापन, जिम्मेवारी हेरफेर, करार म्याद थप लगायतका कार्य गरी कर्मचारी व्यवस्थापनको कार्य गर्दै सेवा प्रवाहलाई नियमित चुस्त, दुरुस्त, प्रभावकारी, पारदर्शी एवम् सवल सक्षम बनाउने कार्य गरिएको छ ।
- रिक्त पदपूर्तीः- बागमती प्रदेश लोकसेवा आयोगको कार्यालय हेटौडामा अधिकृतस्तर ९/१० औं तह शिक्षा निर्देशक पद संख्या-१, अधिकृतस्तर ९/१० औं तह सि.डि.ई. पद संख्या-१, अधिकृतस्तर ७/८ औं तह इन्जिनियर पदसंख्या-१, अधिकृतस्तर ७/८ औं तह कृषि/एगृ/इको एण्ड मार्केटिङ पद संख्या-१, सहायक स्तर पाँचौं तह प्रशासन सेवाको वरिष्ठ सहायक पद संख्या-१, सहायक स्तर पाँचौं तह प्रशासन सेवाको वरिष्ठ लेखा सहायक पद संख्या-१, सहायक स्तर पाँचौं तह सब-ईन्जिनियर (सिभिल/स्यानिटरी) पद संख्या-१, सहायक स्तर पाँचौं तह प्राविधिक सहायक पशु स्वास्थ्य प्राविधिक पद संख्या-१, सहायक स्तर चौथो तह प्रशासन पद संख्या-४ र सहायक स्थर चौथो तह अमिन पद संख्या-१ गरी जम्मा पदसंख्या १४ पदपूर्तीका लागी माग आकृति फारम भरी पठाएकोमा बागमती प्रदेश लोक सेवा आयोग हेटौडाको च.नं.१०८ मिति २०८२।०८।०३ र च.नं. १५८ मिति २०८२।१०।२१ को पत्रमा शिक्षा निर्देशक-१, सिडिई-१, सातौ तहको ईन्जिनियर (सिभिल)-१, प्रशासन तर्फको वरिष्ठ सहायक-१, वरिष्ठ लेखा सहायक-१, सब-ईन्जिनियर (सिभिल)-१, प्राविधिक सहायक पशु स्वास्थ्य चिकित्सक-१ गरी जम्मा पद संख्या-७ स्थायी रुपमा पदपूर्ती हुने ग्यारेन्टी भई उक्त पद सुरक्षित गरिएको छ ।
- आ.व.२०८२।०८३ को श्रावण देखि चैत्र १२ गते सम्म ६ पटक नगर कार्यपालिकाको बैठक बसेको छ । कार्यपालिकाबाट भएका निर्णयहरु सम्बन्धित शाखा, कर्मचारी र कार्यालयसँग समन्वय गरी निर्णय कार्यान्वयनमा सहजीकरण गरिएको छ ।
- आ.व.२०८२।८३को श्रावण देखि चैत्र १९ सम्म कार्यालयमा २ हजार २ सय ९० वटा चिठीपत्र दर्ता भएका छन् भने कार्यालयबाट बाहिरिएका चिठीपत्रको संख्या १ हजार ८ सय ३२ वटा रहेको छ । कार्यालयमा दर्ता भएका चिठीपत्रहरुको सम्बन्धित शाखा मार्फत कार्यसम्पादन एवम् कार्यसम्पन्न गरिएको छ ।
- नगरपालिका कार्यालयमा गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा २७, सूचनाको हक सम्बन्धी ऐन २०६४, नियमावली २०६५ र सोको कार्यविधि २०७२ बमोजिम कार्यालयमा भए गरेका कामका विषयमा सूचना माग भएको अवस्थामा सम्बन्धित व्यक्तिलाई सूचना अधिकारी मार्फत सूचना एवं जानकारी उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । कार्यालयका प्रत्येक वडा तथा विषयगत शाखाबाट भए गरेका काम कारवाहीहरु प्रत्येक ३/३ महिनामा सूचना अधिकारी मार्फत स्वतःप्रकाशन गरी नगर कार्यपालिकाको कार्यालयको वेवसाइटमा राखी सू-सूचित गर्ने गरिएको छ।
- नगरकायपालिका कार्यालय र वडा कार्यालयबाट सम्पादन हुने मुख्य मुख्य कार्यहरु समेटिएको नागरिक वडापत्रको निर्माण गरी नगरकार्यपालिकाको कार्यालय, सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको लागी नागरिक वडापत्रको व्यवस्था गरिएको छ ।
- स्थानीय सेवाको गठन तथा संचालन ऐन-२०७९ को दफा ९ र दफा ३० को प्रावधान बमोजिम मिति २०८२।०४।०१ र २०८२।१०।०१ देखी लागू हुने गरी अधिकृत स्तर छैठौं तहको अधिकृत पदमा माधव बिझारी, अधिकृतस्तर छैठौं तहको सहायक ईन्जिनियर पदमा शशि थापा, अधिकृतस्तर छैठौं तहको सहायक विद्यालय निरिक्षक पदमा केशव बहादुर महरा, अधिकृतस्तर छैठौं तहको सि.अ.न.मी पदमा अनिता खत्री, सहायक स्तर पाँचौं तहको सब-ईन्जिनियर पदमा नविन्द्र के.सी., अस्मिता सिलवाल र अमित कुमार दास समेतलाई तह वृद्दि गरी यस आर्थिक वर्षमा ७ जना कर्मचारीहरुको तह वृद्दि भएको छ ।
- कामकाज सरुवाः- अन्यत्र पालिकामा पदाधिकार रही यस पालिकामा कामकाज गर्ने गरी सहायक स्तर पाँचौ तहको सि.अ.हे.व. श्री उमनाथ तिवारी र सहायक स्तर पाँचौ तहका सि.अ.न.मी. श्री सम्झना गुभाजु कार्यरत रहनु भएको छ भने यस नगरपालिकामा पदाधिकार रही काठमाण्डौ जिल्ला स्थित नागार्जुन नगरपालिकामा कामकाज गर्ने गरी वरिष्ठ विद्यालय निरिक्षक श्री विकास खत्री काज सरुवा हुनुभएको छ ।
